# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, श्रावण २३ गते २०२४ साल [ अतिरिक्ताङ्क २१

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरवार

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको श्री ५ को आदेश प्रमाणित गर्ने (संशोधन) नियम, २०२४ सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

श्री ५ को आदेश प्रमाणित गर्ने नियम, २०१६ (यसपछि मूल नियम भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २४ को उप-धारा (४) बमोजिम श्री ५ बाट देहायका नियमहरू बनाइबक्सेको छ:—

१. संक्षिप्त नाम र प्रारम्भ:— (१) यी नियमहरूको नाम "श्री ५ को आदेश प्रमाणित गर्ने (संशोधन) नियम, २०२४" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. मूल नियमको नियम ३ मा संशोधन:— मूल नियमको नियम ३ को सट्टा निम्नलिखित नियम ३ राखिएको छ:—

"३. श्री ५ को नाममा हुने कार्यकारिणी काम— नेपालको संविधानको देहायका धारा अन्तर्गत श्री ५ बाट गरिबक्सने कार्यकारिणी कामजति श्री ५ को नाममा हुने छ —



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा २३, धारा २५, धारा २६, धारा २६ क, धारा २७, धारा ३४, धारा ३५, धारा ३८, धारा ३९, धारा ४२, धारा ४३, धारा ५२, धारा ५४, धारा ६६, धारा ७२, धारा ७५, धारा ७६, धारा ७७, धारा ७८, धारा ७८ क, धारा ७९, धारा ८०, धारा ८१, धारा ८३ क, धारा ८४, धारा ८५, धारा ८६, धारा ८६ क, धारा ८६ ग, धारा ८९ ।"

३. मूल नियमको नियम ४ मा संशोधनः– मूल नियमको नियम ४ को सट्टा निम्नलिखित नियम ४ राखिएको छः–

४. श्री ५ को आदेश प्रमाणित गर्ने अधिकारीः– (१) श्री ५ को आदेश उप–नियम (२) का अधीनमा रही मौसूफका प्रमुख सैनिक सचिव वा सैनिक सचिव, प्रमुख सचिब वा सचिव, प्रमुख निजी सचिव वा निजी सचिव, प्रमुख स्वकीय सचिव वा स्वकीय सचिवद्वारा प्रमाणित गरिने छ ।

तर,

(क) विशेष जाहेरी विभाग मार्फत श्री ५ मा जाहेर हुने विषयहरूमा मौसूफबाट सो सम्बन्धमा भएको आदेश विशेष जाहेरी विभागका मुख्य पदाधिकारीद्वारा प्रमाणित हुने छ,

(ख) राजसभाको बैठक बोलाउने सम्बन्धमा श्री ५ को आदेश राजसभाका सचिवद्वारा प्रमाणित हुन सक्ने छ,

(ग) राष्ट्रिय पञ्चायतको अधिवेशनमा राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई बोलाउने, राष्ट्रिय पञ्चायतको अधिवेशन अन्त गर्ने र राष्ट्रिय पञ्चायत स्थगित भएको बखतमा राष्ट्रिय पञ्चायतको बैठक बोलाउने सम्बन्धमा श्री ५ को आदेश राष्ट्रिय पञ्चायतको सचिवद्वारा प्रमाणित हुन सक्ने छ ।

(२) लाल मोहरले वा श्री ५ का मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीद्वारा प्रमाणित हुनुपर्ने श्री ५ को आदेशका हकमा सोहीबमोजिम हुने छ ।

हुकुम बक्सेबमोजिम

सरदार हंसमान सिंह

श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

380

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।